# रैनादेवी छहरा गाउँपालिकाको आर्थिक ऐन, २०७९

प्रस्तावनाः

नादेवी छहरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को आय सम्बन्धी प्रस्ताव लाई कार्यान्वयन र्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न छुट दिन तथा अन्य आय कलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम नादेवी छहरा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम आर्थिक ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन २०७९ श्रावण १ गते देखि रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र लागुहुनेछ ।

सम्पत्ति करः रैनादेवी छहरा गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाईने र असुल उपर गरिनेछ ।

भूमिकर (मालपोत) : रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम मालपोत कर लगाईने र असुल उपर गरिनेछ ।

घर जग्गा बहाल करः रैनादेवी छहरा गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घरजग्गा बहाल कर लगाईने र असुल उपर गरिनेछ ।

व्यवसाय करः रैनादेवी छहरा गाउँपालिका क्षेत्र भित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवशाय, सेवा र त्यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवशायको प्रवृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवशाय कर लगाईने र असुल उपर गरिनेछ। त्यसरी व्यवशाय कर असुलि गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबारको स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

जडिबुटि, कवाडी र जीवजन्तु करः रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीवजुन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वांख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर:** रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका रिक्सा, ई-रिक्सा, मेनुवल रिक्सा जस्ता सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधनकर लगाईने र असुल उपर गरिनेछ।

८. **विज्ञापन कर:** रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र हुने सबै प्रकारको विज्ञापनमा अनुसूची ( बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ।

९. **मनोरञ्जन कर:** रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई शुल्क लिई सञ्चालन गरिने जुनसकै प्रकारको मनोरञ्जन कर प्रदेश सरकारले तोके बमोजिम लगाईने र असुल उप गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख व सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्व वा अनुसूची (८) मा भएको व्यवस्था बमोजिम बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ।

११. **पार्किङ्ग शुल्क:** रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविध उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उप गरिनेछ। साथै सार्वजनिक, निजी, साझेदारी अवधारणा अनुसार पार्किङ्ग व्यवशाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले गाउँपालिका बाट पूर्व अनुमति लिएको हुनुपर्नेछ।

१२. **सेवा शुल्क, दस्तुर:** रैनादेवी छहरा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ को (ङ) अनुसार अनुसूची (१०) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसारको शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. **घरजग्गा रजिष्ट्रेशन शुल्क:** रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूची (११) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

१४. **कर छुट:** कर छुट सम्बन्धी व्यवस्था अनुसूची (१२) बमोजिम हुनेछ ।

१५. **दण्ड जरिवाना र पुरस्कार:** रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवशाय वा फोहोरमैला गर्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची (१३) बमोजिम जरिवाना गराई सुराकी गर्ने कुनै पनि व्यक्ति, संस्था वा कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिने छ। रैनादेवी छहरा गाउँपालिका गाउँ कार्यपालिकाबाट समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरवलोकन हुनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउपालिकाको गाउँकार्यपालिकाले निर्माण गरी तोके बमोजिम हुनेछ ।

१७. **यसै ऐन बमोजिम भएको मानिने:** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. **नियम वा कार्यविधि बनाउन सक्ने:** रैनादेवी छहरा गाउँपालिकाको गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१९. **साविक बमोजिम हुने:** यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२०. **खारेजी:** साविकमा रैनादेवी छहरा गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

अनुसूची (१)

दफा (२) सँग सम्बन्धित

## सम्पति करको दररेट

| क्र.सं. | कर योग्य सम्पतिको आधार | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | ३ लाख सम्म | २५ | |
| २ | ३ लाख देखि ५ लाख सम्म | ५० | |
| ३ | ५ लाख देखि १० लाख सम्म | १०० | |
| ४ | १० लाख देखि १५ लाख सम्म | २०० | |
| ५ | १५ लाख देखि २० लाख सम्म | ३०० | |
| ६ | २० लाख देखि ५० लाख सम्म | ५०० | |
| ७ | ५० लाख देखि १ करोड सम्म | ३००० | |
| ८ | १ करोड देखि माथि प्रति करोड १००० का दरले थप | | |

## अनुसूची (२)
दफा (३) सँग सम्बन्धित

## मालपोत करको दररेट

| क.सं. | विवरण | प्रति रोपनी रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | अव्वल | ६ | |
| २ | दोयम | ५ | |
| ३ | सिम | ४ | |
| ४ | चाहार | ३ | |
| ५ | न्यूनतममा ५ रोपनी सम्म | १० | |

## अनुसूची (३)
दफा (४) सँग सम्बन्धित

## वहाल करको दररेट

रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज गोदाम, टहरा छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तवरले दिएकोमा वहाल अंकको १०% का दरले वहाल कर संकलन गरिनेछ । संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले वहालमा वसे वापत वहाल रकम बुझाउदा श्रोतमै अग्रिम वहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ ।



## अनुसूची (४)
दफा (५) सँग सम्बन्धित

## व्यवसाय करको दर्ता/सूचिकरण/नविकरण दररेट

| सि.नं. | व्यवशायको प्रकृत (लगानीका आधारमा) | दर्ता/सूचिकरण शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | रु. ५ लाख सम्म लगानी भएको व्यवशाय | रु.५०० | रु.२५० | |
| २ | रु. ५ लाख देखी २० लाख सम्म लगानी भएको व्यवशाय | रु.१००० | रु.५०० | |
| ३ | रु. २० लाख देखी ५० लाख सम्म लगानी भएको व्यवशाय | रु.१५०० | रु.७५० | |
| ४ | रु. ५० लाख देखी १ करोड सम्म लगानी भएको व्यवशाय | रु.२००० | रु.१००० | |
| ५ | रु.१ करोड भन्दा माथि लगानी भएको व्यवशाय प्रति करोड थप | रु.१००० | रु.५०० | |

## व्यवसायको प्रकृति

| सि.नं. | राजश्वका क्षेत्रहरु | सानो व्यवसाय (२० लाख सम्म) | मझौला व्यवसाय (२० लाख देखी ५० लाख सम्म) | ठूला व्यवसाय (५० लाख भन्दा माथि) | कैफियत |
|---|---|---|---|---|---|
| विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा | | | | | |
| १ | चिकित्सक | २००० | ५००० | ७००० | |
| २ | कविराज | १००० | २००० | ३००० | |
| ३ | इन्जिनियर | २००० | ४००० | ६००० | |
| ४ | लेखा परीक्षक | १००० | २००० | ३००० | |
| ५ | कानुन व्यवसायी | २००० | ४००० | ६००० | |
| ६ | दन्त चिकित्सक | २००० | ४००० | ६००० | |

| सि.नं. | राजश्वका क्षेत्रहरु | सानो व्यवसाय (२० लाख सम्म) | मझौला व्यवसाय (२० लाख देखी ५० लाख सम्म) | ठूला व्यवसाय (५० लाख भन्दा माथि) | कैफियत |
|---|---|---|---|---|---|
| ४९ | तालिम तथा अनुसन्धान केन्द्र | २००० | ३००० | ४००० | |
| ५० | टाइपिङ्ग कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २००० | ३००० | ४००० | |
| ५१ | मन्टेसरी | १००० | १५०० | २००० | |
| ५२ | निजी विद्यालय आधारभूत | ३००० | ५००० | ७००० | |
| ५३ | निजी विद्यालय मा.वि. | ५००० | ७००० | ९००० | |
| अन्य सेवा | | | | | |
| ५४ | टावर कर सार्वजनीक स्थान | १०००० | | | |
| ५५ | टावर कर निजी स्थान | सम्झौता रकमको १०% | | | |
| ५६ | टिकट काउन्टर | १००० | २००० | ३००० | |
| अन्य व्यवसाय | | | | | |
| ५७ | पिक्निक स्पोर्ट | | | १००० | |
| ५८ | शिशु स्याहार केन्द्र | ५०० | १००० | १५०० | |
| ५९ | रेन्टल तथा क्याटरिङ्ग सेवा | १००० | २००० | ३००० | |
| ६० | पार्टी प्यालेश | २००० | ३००० | ५००० | |
| ६१ | होस्टेल | २००० | ३००० | ४००० | |
| ६२ | निर्माण व्यवसायी घ वर्ग इजाजत/नामसारी | | | १५००० | |
| ६३ | निर्माण व्यवसायी घ वर्ग नवीकरण | | | १०००० | |
| ६४ | हाइड्रोपावर | | | ५०००० | |
| ६५ | अन्य उर्जा मुलक उद्योग | | | ५००० | |
| ६६ | जे.सि.भि. सूचीकृत | | | ६५०० | |



| सि.नं. | राजश्वका क्षेत्रहरु | सानो व्यवसाय (२० लाख सम्म) | मझौला व्यवसाय (२० लाख देखी ५० लाख सम्म) | ठूला व्यवसाय (५० लाख भन्दा माथि) | कैफियत |
|---|---|---|---|---|---|
| ६७ | डोजर, एक्साभेटर, लोडर, ब्याकुलोडर, ग्रेडर, भायब्रेटर रोलर वा यस्तै प्रकृतिका अन्य सवारी साधन सूचिकृत | | | १०००० | |
| ६८ | माथी नतोकिएको हकमा | २००० | ३००० | ४००० | |

अनुसूची (५)

दफा (६) सँग सम्वन्धित

## जडिबुटी करको दररेट

| क्र.सं. | विवरण | | परिमाण | कर दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | खोटो | | निकासीको १% ठेकेदार र २% उपभोक्ता समितिवाट | | |
| २ | जडिबुटी | | प्रति के.जि. | रु.१ | |
| ३ | बनकस (खर, अम्लसो, बाबीयो) | | प्रति टेक्टर | रु.३०० | |
| ४ | भुस र पिना | | प्रति के.जि. | रु.१ | |
| ५ | सुनकाउली तेजपत्ता | | प्रति के.जि | रु.१ | अनुमति दिने समयमा कर लिने |
| ६ | बाँस सिङ्गो | | प्रति ट्रक | रु.५०० | |
| | | | प्रति टेक्टर | रु.३०० | |
| ७ | गोलिया काठ साल | छ चक्के ट्रक | प्रति ट्रक | १०००० | |
| | | दश चक्के ट्रक | | १५००० | |

| क्र.सं. | विवरण | | परिमाण | कर दर | कैफियत |
|---|---|---|---|---|---|
| ८ | गोलिया काठ सिसौ | छ चक्के ट्रक | प्रति ट्रक | १०००० | |
| | | दश चक्के ट्रक | | १५००० | |
| ९ | गोलिया काठ सल्ला | छ चक्के ट्रक | प्रति ट्रक | ६००० | |
| | | दश चक्के ट्रक | | ९००० | |
| १० | गोलिया काठ जामुन | छ चक्के ट्रक | प्रति ट्रक | ६००० | |
| | | दश चक्के ट्रक | | ९००० | |
| ११ | गोलिया काठ अन्य | छ चक्के ट्रक | प्रति ट्रक | ३००० | |
| | | दश चक्के ट्रक | | ५००० | |
| १२ | गोलिया काठ अन्य | | प्रति टेक्टर | १५०० | |
| १३ | रागो भैसी निकासी | | प्रति गोटा | १०० | |
| १४ | खसी बोका निकासी | | प्रति गोटा | ५० | |
| १५ | सुङ्गुर, बङ्गुर निकासी | | प्रति गोटा | ५० | |
| १६ | कुखुरा, हाँस निकासी | | प्रति गोटा | १ | |
| १७ | ढुङ्गा, गिट्टी, वालुवा बिक्री तथा निकासी (मू.अ. कर बाहेक) | | प्रति क्यु.फिट | ३ | उत्खनन गर्न नपाउने गरी |
| १८ | सामुदायिक वनबाट प्राप्त आय | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६२(ख) को व्यवस्था अनुसार | | |



अनुसूची (६)

दफा (७) सँग सम्बन्धित

## सवारी साधन करको दररेट

रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र ठेगाना देखाई दर्ता भएका यस गाउँपालिका भित्र चल्ने सवारी साधनहरु र
तोकिएको क्षेत्रभित्रका रुटहरुमा चल्ने अटो रिक्साहरुमा देहाय बमोजिम वार्षिक सवारी कर लिईनेछ।
यस बमोजिम प्राप्त हुने राजस्व रकम राजस्व शिर्षक नं. ११४५१ सवारी साधन कर शिर्षकमा दाखिला गर्नुपर्दछ।

| सि.नं. | सवारि साधनको किसिम | वार्षिक रु. | पटके | कैफियत |
|---|---|---|---|---|
| १ | अटो रिक्सा | रु.१५०० | | |

अनुसूची (७)

दफा (८) सँग सम्बन्धित

## विज्ञापन करको दररेट

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फुट प्रति वर्ष | रु.३०० | |
| २ | होर्डिङ बोर्ड र यस्तै प्रचार सामग्री | प्रति वर्ग फुट प्रति वर्ष | रु.४०० | |
| ३ | डिजिटल बोर्ड र यस्तै प्रचार सामग्री | प्रति वर्ग फुट प्रति वर्ष | रु.५०० | |
| ४ | खेलकुद मैदान, मेला, जात्रा, पर्व वा यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्री | प्रति दिन | रु.१०० | |
| ५ | अन्यको हकमा | प्रति वर्ग फुट प्रति वर्ष | रु.२०० | |

अनुसूची (८)

दफा (९) सँग सम्बन्धित

## मनोरञ्जन करको दररेट

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | चलचित्र भवनलाइ चलचित्र प्रदर्शन गरे वापत प्रति चलचित्र प्रदर्शन स्थल वापत वार्षिक रुपमा | अधिकतम ५० सिट क्षमता | ३०००० | |
| | | ५० सिट क्षमता भन्दा बढी | ५०००० | |
| २ | जादु, सर्कस, मेला सञ्चालन | प्रति दिन | ५०० | |
| ३ | केवल टेलिभिजन प्रसार गरेवापत | न्युनतम दुइ सय ग्राहक संख्या सम्म | २००० | वार्षिक |
| | | दुई सय देखि चार सय सम्म ग्राहक संख्या | ३५०० | |
| | | चार सय भन्दा बढी ग्राहक संख्या | ५५०० | |

अनुसूची (९)

दफा (१०) सँग सम्बन्धित

## वहाल विटौरी शुल्कको दररेट

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | कपडा, जुत्ता, फेन्सी र यस्तै प्रकारका पसलहरु | प्रति पसल प्रति दिन | रु.१०० | |
| २ | खाजा नास्ता पसल | प्रति पसल प्रति दिन | रु.१०० | |
| ३ | खेलौना पसल | प्रति पसल प्रति दिन | रु.१०० | |
| ४ | खाद्यान्न पसल | प्रति पसल प्रति दिन | रु.१०० | |
| ५ | फलफूल तथा तरकारी | प्रति पसल प्रति दिन | रु.५० | |
| ६ | अन्य | प्रति पसल प्रति दिन | रु.५० | |



अनुसूची (१०)

दफा (११) सँग सम्बन्धित

## पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण |
|---|---|
| १ | पार्किङ्ग शुल्क रैनादेवी छहरा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । |

अनुसूची (११)

दफा (१२) सँग सम्बन्धित

## ट्रेकिङ र यॉफ्टिङ शुल्क

| क्र.सं. | विवरण |
|---|---|
| १ | ट्रेकिङ र यॉफ्टिङ शुल्क रैनादेवी छहरा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ । |

अनुसूची (१२)

दफा (१३) सँग सम्बन्धित

## सेवा शुल्क दस्तुर

| सि.नं. | शिर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| | सिफारिस | | | |
| १ | घर जग्गा सिफारिस | एक प्रति | रु.१५० | |
| २ | मोहि लगत कट्टा सिफारिस | एक प्रति | रु.१५० | |
| ३ | घर कायम सिफारिस | एक प्रति | रु.१५० | |
| ४ | बसोवास सिफारिस (अस्थायी तथा स्थायी) | एक प्रति | रु.१५० | |
| ५ | बसाई सराई | एक प्रति | रु.५०० | |
| ६ | आर्थिक अवस्था सम्बन्धि सिफारिस (बलियो) | एक प्रति | रु.१००० | |
| ७ | विद्युत जडान सिफारिस | एक प्रति | रु.१५० | |
| ८ | धारा जडान सिफारिस | एक प्रति | रु.१५० | |
| ९ | जीवित रहेको सिफारिस | एक प्रति | रु.१५० | |
| १० | जन्ममिति संशोधन सिफारिस | एक प्रति | रु.१५० | |

| सि.नं. | शिर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| ११ | जग्गा मुल्यांकन सिफारिस | प्रतिहजार मुल्यांकन | ५० पैसा | |
| १२ | व्यवसाय बन्द सिफारिस | एक प्रति | रु.३०० | |
| १३ | व्यवसाय संचालन नभएको सिफारिस | एक प्रति | रु.२०० | |
| १४ | व्यापार व्यवसाय नभएको | एक प्रति | रु.१५० | |
| १५ | नाबालक सम्बन्धि सिफारिस | एक प्रति | रु.१५० | |
| १६ | चौपाया सम्बन्धि सिफारिस | एक प्रति | रु.१५० | |
| १७ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | एक प्रति | रु.५०० | फिल्ड खर्च रु.५०० मुचुल्का गर्न रु.५०० |
| १८ | उद्योग ठाउँसारी सिफारिस | एक प्रति | रु.१००० | |
| १९ | विद्यालय ठाउँसारी सिफारिस (निजि) | एक प्रति | रु.१००० | |
| २० | विद्यालय कक्षा वृद्धि सिफारिस (निजि) | एक प्रति | रु.१००० | |
| २१ | पूर्व प्राथमिक विद्यालय खोल्ने (निजि) | एक प्रति | रु.१००० | |
| २२ | व्यक्तिगत विवरण सिफारिस | एक प्रति | रु.२५० | |
| २३ | जग्गा दर्ता सिफारिस | एक प्रति | रु.१५० | |
| २४ | संरक्षक सिफारिस (व्यक्तिगत वा संस्थागत) | एक प्रति | रु.१५० | |
| २५ | कित्ताकाट | एक प्रति | रु.२५० | |
| २६ | नाता प्रमाणित सर्जमिन गर्नु परेमा | एक प्रति | रु.३०० | |
| २७ | कोठा खोल्ने रोहवरमा बस्नुपर्ने | एक प्रति | रु.१५० | |
| २८ | नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | एक प्रति | नि:शुल्क | |
| २९ | फरक फरक नामथर/जन्ममिति सिफारिस | एक प्रति | रु.१५० | |
| ३० | नामथर संशोधन सिफारिस | एक प्रति | रु.१५० | |
| ३१ | जग्गा धनि पूर्जा हराएको सिफारिस | एक प्रति | रु.१५० | |
| ३२ | पूर्जामा घर कायम गर्ने सिफारिस | एक प्रति | रु.१५० | |
| ३३ | भारतीय र ब्रिटिस पेन्सन सिफारिस | एक प्रति | रु.३०० | |
| ३४ | घर निर्माण सम्पन्न सिफारिस (आर.सी.सी.) | एक प्रति | रु.५०० | |
| ३५ | कर चुक्ता सिफारिस (नेपाली भाषामा) | एक प्रति | रु.१५० | |



| सि.नं. | शिर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| ३६ | घर बाटो सिफारिस | एक प्रति | रु.१५० | |
| ३७ | सम्पति मूल्यांकन सिफारिस | एक प्रति | रु.१००० | |
| ३८ | नीजि क्षेत्रमा रुख कटान सिफारिस | प्रति रुख | रु.१५० | |
| ३९ | शिक्षक सरुवा सिफारिस (प्रा.वि.तह) | एक प्रति | रु.१००० | |
| ४० | शिक्षक सरुवा सिफारिस (आ.वि.तह) | एक प्रति | रु.१५०० | |
| ४१ | शिक्षक सरुवा सिफारिस (मा.वि.तह) | एक प्रति | रु.२००० | |
| ४२ | नागरिकता सिफारिस (वंशज) | एक प्रति | रु.१५० | |
| ४३ | नागरिकता सिफारिस (जन्मको आधारमा) | एक प्रति | रु.३०० | |
| ४४ | नागरिकता सिफारिस (अंगिकृत) | एक प्रति | रु.५०० | |
| ४५ | पासपोर्ट सिफारिस | एक प्रति | रु.१५० | |
| ४६ | नागरिकता संशोधन सिफारिस | एक प्रति | रु.३५० | |
| ४७ | नागरिकता प्रतिलिपि सिफारिस | एक प्रति | रु.२५० | |
| ४८ | विद्युत जडान सिफारिस (दुई फेस) | एक प्रति | रु.१०० | |
| ४९ | विद्युत जडान सिफारिस (तीन फेस) | एक प्रति | रु.५०० | |
| ५० | नाता प्रमाणित सिफारिस (नेपाली भाषामा) | एक प्रति | रु.१५० | |
| ५१ | नाता प्रमाणित सिफारिस (अङ्ग्रेजी भाषामा) | एक प्रति | रु.५०० | |
| ५२ | संस्था दर्ता सिफारिस (नाफामुलक) | एक प्रति | रु.३०० | |
| ५३ | संस्था दर्ता सिफारिस (गैरनाफामुलक) | एक प्रति | रु.१५० | |
| ५४ | संस्था दर्ता सिफारिस (आई.एन्.जि.ओ.) | एक प्रति | रु.५०० | |
| ५५ | छात्रवृत्ती सिफारिस | एक प्रति | निशुल्क | |
| ५६ | विपन्न छात्रवृत्ती सिफारिस | एक प्रति | निशुल्क | |
| ५७ | अपाङ्ग सिफारिस | एक प्रति | निशुल्क | |
| ५८ | आर्थिक अवस्था सम्बन्धि सिफारिस (कमजोर) | एक प्रति | निशुल्क | |
| ५९ | अदालत शुल्क मिनाहा सिफारिस | एक प्रति | निशुल्क | |
| ६० | सरकारको नाममा बाटो सिफारिस | एक प्रति | निशुल्क | |
| ६१ | अंग्रेजी सिफारिस | एक प्रति | रु.५०० | |
| ६२ | अन्य सिफारिस | एक प्रति | रु.१५० | |

| सि.नं. | शिर्षक | | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | **प्रमाणित** | | | | |
| ६३ | घरबाटो प्रमाणित | | एक प्रति | रु.१५० | |
| ६४ | चारकिल्ला प्रमाणित | | एक प्रति | रु.१५० | |
| ६५ | जन्ममिति प्रमाणित | | एक प्रति | रु.१५० | |
| ६६ | विवाह प्रमाणित | | एक प्रति | रु.१५० | |
| ६७ | घर पाताल प्रमाणित | | एक प्रति | रु.१५० | |
| ६८ | हकदार प्रमाणित | | एक प्रति | रु.५०० | |
| ६९ | संरक्षक प्रमाणित | | एक प्रति | रु.१५० | |
| ७० | अविवाहित प्रमाणित | | एक प्रति | रु.१५० | |
| ७१ | अंग्रेजी प्रमाणित | | एक प्रति | रु.५०० | |
| ७२ | अन्य प्रमाणित | | एक प्रति | रु.१५० | |
| | **अन्य सेवा, शुल्क, दस्तुर** | | | | |
| ७३ | शैक्षिक प्रमाणपत्र संशोधन तथा प्रतिलिपि (कक्षा ८) | | एक प्रति | रु.२०० | |
| ७४ | कागज मञ्जुरीनामा | | | रु.१५० | |
| ७५ | जग्गा रेखाङ्कन सम्बन्धि रोहवरमा वस्ने | | | रु.१५० | |
| ७६ | मिलापत्र गराउने वादि/प्रतिवादी | | | रु.३०० | |
| ७७ | व्यक्तिगत घटना दर्ता (जन्म,विवाह,सम्वन्ध विच्छेद, मृत्यु) | | | रु.२०० | पैतिस दिन भित्र निःशुल्क |
| | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | | एक प्रति | रु.५०० | |
| | व्यक्तिगत घटना दर्ता अभिलेख खोज शुल्क | | एक विवरण | रु.२०० | |
| ७८ | व्यक्तिगत घटना दर्ता (बसाइसराइ आउने/जाने) | | प्रति परिवार | रु.५०० | |
| ७९ | इन्जिनियर दर्ता | | | रु.५०० | |
| ८० | प्रमाणिकरण | | | रु.५०० | |
| ८१ | भवन निर्माण स्विकृत (कच्ची) | | प्रति वर्ग फुट | रु.१ | |
| ८२ | भवन निर्माण स्विकृत (पक्कि) | | प्रति वर्ग फुट | रु.५ | |
| ८३ | भवन नक्सा नामसारी दस्तुर | | एक प्रति | रु.५०० | |
| ८४ | घुम्ति व्यापारी | सवारी सहित | प्रति दिन | रु.५०० | |



| सि.नं. | शिर्षक | | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| | | सवारी रहित | प्रति दिन | रु.२०० | |
| | **आय श्रोत प्रमाणित** | | | | |
| १ | १० लाख सम्म | | | रु.१००० | |
| २ | १० लाख देखी १ करोड सम्म प्रति लाख | | | रु.१०० थप | |
| ३ | १ करोड देखी २ करोड सम्म | | | रु.१२५०० | |
| ४ | २ करोड देखी ३ करोड सम्म | | | रु.१५००० | |
| ५ | ३ करोड देखी ५ करोड सम्म | | | रु.१८००० | |
| ६ | ५ करोड देखी माथि | | | रु.२५००० | |
| ७ | माथि उल्लेखित नभएको विषयको हकमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । | | | | |

अनुसूची (१२)

दफा (१३) सँग सम्बन्धित

## घरजग्गा रजिष्ट्रेशन दस्तुर

रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र घरजग्गा वा अन्य सम्पत्तिहरु दाखिला खारेज तथा नामसारी र रजिष्ट्रेशन शुल्क प्रदेश सरकार र रैनादेवी छहरा गाउँपालिकाले तोके बमोजिम हुनेछ। यस बमोजिम प्राप्त राजस्व रकम शिर्षक नं. ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर शिर्षकमा दाखिला गर्नुपर्नेछ।

अनुसूची (१३)

दफा (१४) सँग सम्बन्धित

## कर छुट

१. आ.व. २०७९/८० को कार्तिक समान्त सम्ममा व्यवशाय कर बुझाउने करदातालाई लाग्ने करमा १०% छुट दिईनेछ ।

## अनुसूची (१४)

### दफा (१५) सँग सम्बन्धित

# दण्ड जरिवाना

१. गत आ.व. सम्मको वक्यौता कर, दस्तुर र सहशुल चालु आ.व.को दर बमोजिम पौष मसान्तसम्म नबुझाएमा सो पछि बक्यौता रकममा थप १०% जरिवाना लगाई असुल उपर गरिनेछ।

२. अनुमति नलिई गैरकानुनी रुपमा फेला पारेका ढुङ्गा, काठ, जडिबुटी लगायतका अन्य स्रोतको हकमा उक्त सामान जफत गरी देहाय बमोजिम जरिवाना लिईनेछ।

क. कवाडी सामान प्रति जीप रु.२५०० तथा प्रति ट्रक रु.५०००,

ख. ढुङ्गा निकासी प्रति टेक्टर रु.५००० तथा प्रति टिप्पर रु.१००००,

ग. गोलिया काठ तथा खोटो निकासी प्रति टेक्टर रु.१०००० तथा प्रति ट्रक रु.२००००,

घ. गाई, भैसी, खसि/बोका, बाखा, कुखुरा लगायतका जनावर निकासी प्रति जीप रु.५००० तथा प्रति ट्रक रु.१०००० माथि उल्लेखित कार्य पटक पटक दोहोराएमा पटकै पिच्छे दोब्बर जरिवाना लाग्नेछ।

३. सहकारी संस्थाले कानून बमोजिम बुझाउनु पर्ने विवरण समयमा नबुझाएमा देहाय बमोजिम जरिवाना लाग्ने छ।

क. साधारण सभाको विवरण १५ दिन भित्र नबुझाएमा पहिलो पटक रु.५००० वा पुँजिकोषको ०.१% मा जुन कम हुन्छ सो रकम असुल उपर गरिनेछ। सोहि बेहोरा पुन दोहोराएमा प्रत्येक पटक दोब्बर जरिवाना लाग्नेछ।

ख. ऐन बमोजिम बुझाउनु पर्ने अन्य विवरण तोकिएको समयमा नबुझाएमा प्रथम पटक (१५ दिन भित्र) रु.५०० र एक महिनासम्म पनि नबुझाएमा रु.२५०० जरिवाना लिईनेछ।

४. नियमानुसार रसिद नकाटी व्यापार व्यवशाय गर्ने घुम्ती व्यापारिलाई निजको सामान जफत गरी रु.२५०० जरिवाना लगाईनेछ।

५. माथि उल्लेखिक नियम विपरितका काम गरेको भनि सुराकी दिने कुनै पनि व्यक्ति, संस्था वा कर्मचारीलाई उक्त जरिवानाको २५% रकम पुरस्कार स्वरुप दिईनेछ।

६. आर्थिक ऐनमा कुनै व्यवशाय कर दस्तुर छुट भएमा त्यस्तो व्यवशायको शुल्क तोक्ने अधिकार गाउँपालिका अध्यक्षको हुनेछ।



७. आर्थिक ऐन, २०७८ खारेज गरिएको छ।

यस बमोजिम प्राप्त राजस्व रकम शिर्षक नं. १४३१२ प्रशासनिक दण्ड जरिवाना शिर्षकमा दाखिला गर्नुपर्नेछ।

### आ.व.२०७९/८० का लागि गरिएको राजस्व पक्षेपण

| सि. नं. | राजस्व शीर्षक | | आ.व. २०७९/८० का लागि प्रस्तावित आय अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | | १८ लाख | |
| २ | भुमिकर मालपोत | | ३२ लाख | |
| ३ | घर बहाल कर | | ३ लाख | |
| ४ | व्यवशाय कर | | ५ लाख | |
| ५ | वहाल विरौटी कर | | २ लाख | |
| ६ | दस्तुर | सिफारिस | १२ लाख | |
| | | व्यक्तिगत घटना दर्ता | ५ लाख | |
| | | नाता प्रमाणित | १ लाख | |
| ७ | दण्ड जरिवाना | | ० | |
| ८ | मनोरञ्जन कर | | ० | |
| ९ | सवारी साधन कर | | ० | |
| १० | अन्य क्षेत्रको आय | कवाडि कर | १ लाख | |
| | | सामुदायिक वनबाट प्राप्त आय | १५लाख | |
| | | अन्य निकासि कर | ८ लाख | |
| | | रोयल्टी | ५ लाख | |
| | | वातावरण शुल्क | १५ लाख | |
| | | अन्य | ३ लाख | |
| जम्मा | | | १ करोड २५ लाख | |

# रैनादेवी छहरा गाउँपालिकाको विनियोजन ऐन, २०७९

सभाबाट स्वीकृत मिति : २०७९/०३/१०

रैनादेवी छहरा गाउँपालिका, पाल्पाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः रैनादेवी छहरा गाउँपालिका, पाल्पा २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रैनादेवी छहरा गाउँपालिका, पाल्पाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "रैनादेवी छहरा गाउँपालिका, पाल्पाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७९/८०को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६७,४९,२५,००० (अक्षेरुपी रुपैयाँ सत्सठ्ठी करोड उनन्चास लाख पच्चिस हजार मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त रैनादेवी छहरा गाउँपालिका, पाल्पाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बंढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।